# संघीय संसद
# राष्ट्रिय सभा

दोस्रो अधिवेशन

## बैठक संख्या - १९

सूचना पत्र - २

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७५ साल असार ८ गते शुक्रबार

---

संघीय संसद, राष्ट्रिय सभाको दोस्रो अधिवेशनको उन्नाइसौं बैठक सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा दिनको ३:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले विशेष समयमा बोल्नको लागि दलीय आधारमा माननीय सदस्यहरुको नाम प्राप्त भएको जानकारी गराउदै देहाय बमोजिमका माननीय सदस्यलाई क्रमशः समय उपलब्ध गराउनु भयो ।

१. मा. बलराम बाँस्कोटा
२. मा. राधेश्याम अधिकारी
३. मा. कमला कुमारी ओली
४. मा. उदया शर्मा पौडेल
५. मा. रामपृत पासवान

तत्पश्चात्, सम्माननीय अध्यक्षले कानून, न्याय तथा संसदीय मामिला मन्त्री शेर बहादुर तामाङको तर्फबाट माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री गोकर्ण विष्टलाई “प्रशासकीय अदालतको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनु भयो ।

त्यसपछि, “प्रशासकीय अदालतको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५” माथि सैद्धान्तिक छलफलका लागि देहाय बमोजिमका माननीय सदस्यहरुलाई बोल्न समय उपलब्ध गराउनु भयो ।

१. मा. राधेश्याम अधिकारी
२. मा. डा. विमला राई पौडयाल
३. मा. रामनारायण विडारी
४. मा. जितेन्द्र नारायण देव
५. मा. वृषेश चन्द्र लाल

त्यसपछि सम्माननीय अध्यक्षले कानून, न्याय तथा संसदीय मामिला मन्त्री शेर बहादुर तामाङको तर्फवाट माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री गोकर्ण विष्टलाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले “प्रशासकीय अदालतको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ लाई विचार गरियोस्” भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिई उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा सर्वसम्मतिले पारित भएको घोषणा गर्नु भयो ।

तदन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक २०७५ साल असार १० गते आइतबार दिनको १:०० बजे बस्ने गरी आजको बैठक दिनको ४:०० बजे स्थगित भएको घोषणा गर्नु भयो ।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव